

# 'पराले कुन्यूको आगो'

चुनामी सम्बन्धी जापानी लोककथा "इनामुरा नो ही"
को नेपाली भावानुवाद तथा
चुनामीबारे जान्नै पर्ने महत्वपूर्ण कुराहरु

(बालबालिकाहरुको लागि हाते पुस्तिका)





NSET

This book has been prepared as a collaborative arrangement among National Society for Earthquake Technology-Nepal (NSET), Asian Disaster Reduction and Response Network (ADRRN), and Asian Disaster Reduction Center (ADRC) with support of the Government of Japan

यो पुस्तक एशियन डिजास्टर रिडक्शन एण्ड रेस्पोन्स नेटवर्क (ADRRN), एशियन डिजास्टर रिडक्सन सेन्टर (ADRC) तथा भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल (NSET) बीच भएको आपसी समझदारी एवं जापानी सरकारको सहयोगबाट तैयार गरिएको हो ।

पुस्तकमा प्रयोग भएका चित्रको श्रोतहरु:-

चित्र नं. १ - ADRC बाट साभार

चित्र नं. २ - यू.एस.जी.एस., स्मीथ्सोनियन इन्स्टीच्यूशन, तथा यू.एस.नेभल रिसर्च ल्याबोरेटरीद्वारा संयुक्त प्रकाशीत This Dynamic Planet बाट साभार



# 'पराले कुन्यूको आगो'

चुनामी सम्बन्धी जापानी लोककथा "इनामुरा नो ही"
को नेपाली भावानुवाद तथा
चुनामीबारे जान्नै पर्ने महत्वपूर्ण कुराहरु

(बालबालिकाहरुको लागि हाते पुस्तिका)

**जापानी प्राथमिक विद्यालयको प्रामाणिक पाठ्य पुस्तक अंक १० (१९३७-१९४६) मा संकलित "इनामुरा नो ही" को नेपाली भावानुवाद तथा चुनामीबारे केही जानकारी**

---

**भावानुवाद**
शान्त दास मानन्धर
मदन मणि दीक्षित

**चित्र तथा सज्जा**
चन्दन ध्वज राना मगर

**प्रथम संस्करण**
१००० प्रति

**प्रकाशन श्रृंखला -१८**

# २६ डिसेम्बर २००४ मा हिन्द महासागरमा आएको चुनामी

२६ डिसेम्बर २००४ मा हिन्द महासागरमा आएको विशाल चुनामीले महासागरका तटीय क्षेत्रका देशहरु ईन्डोनेशिया, थाइल्याण्ड, श्रीलंका र भारत लाई धेरैनै असर पुऱ्यायो । सो चुनामीले २ लाख भन्दा बढी व्यक्तिको मृत्यु भएको थियो र ती देशहरुमा धेरै विनाश गऱ्यो ।

## सो चुनामीले गरेका विनाशका केही दृश्यहरु






चित्र नं. १- चुनामी प्रकोपबाट प्रभावित क्षेत्रका तस्विरहरु

समुन्द्रको पिंधभन्दा मुन्तिर इपिसेन्टर भएको ठूलो भुईचालोबाट उत्पन्न समुन्द्री छालहरु किनारामा आइपुग्दा निकै ठूला र डरलाग्दा हुन सक्छन् । यस्ता छालहरुलाई चुनामी भन्दछन् । २६ डिसेम्बर २००४ मा हिन्द महासागरमा उत्पन्न भएको चुनामीबाट धेरै मुलुकहरुमा धनजनको अपार नोक्सानी भएको थियो ।

**नेपालमा समुन्द्र छैन त्यसकारण नेपालमा चुनामीको डर छैन ।**

तर नेपालमा भुईचालो जान सक्छ । चुनामी जस्तै भुईचालोबाट जोगिने उपाय त्यसबारे जान्नु, बुझ्नु तथा त्यस्ता घटना भएको बेला कसरि आफूलाई र संगै रहेकालाई जोगाउने भन्नेबारे थाहा पाउनु र त्यसै अनुसार गर्नु हो ।

यस पुस्तकमा जापानको एउटा गाउँको ठालुको कथा छ । ती आदरणीय बुढा-बाले चलाखिसाथ चुनामीको ठूलो जोखिमबाट गाउँका सबैलाई बचाएका थिए ।



# इनामुरा नो ही

# पराले कुन्यूको आगो

लाफ्काडियो हयर्न, सन् १९९०–१९४०, (कोइजुमी याकुमो भनी पश्चिमाहरुले नाउं राखेका) द्वारा सुरुमा यो कथा लेखिएको थियो । पछि गएर लधु कथाको रुपमा नाकाई सुनेजु (१९०७–१९९४) ले यसको रुपान्तर गरेर सन् १९३७–१९४७ ताका जापानका प्राथमिक पाठशालाका पाठ्यपुस्तकमा यसलाई समावेश गरियो । यो कथाका दृश्यले चुनामीका प्रकृतिबारे हामीलाई बताउँछ र भुईंचालो पछि उठन सक्ने ठूलो चुनामीबाट बच्न तुरुन्तै उँचो ठाउँमा जानुपर्ने शिक्षा दिन्छ ।



गोरे निङ्माको घर थुम्कोमा थियो । कान्लैकान्लाले ढाकेको थुम्कोभरि फराकिला गऱ्हा र लाम्चा सुर्काहरू थिए । बेलैमा पानी पर्ने त्यस गाउँमा मनग्गे धान फल्थ्यो । थुम्कोबाट तल हेर्दा फेदमा रहेको गाउँबस्ती सिङ्गै देखिन्थ्यो । गाउँमा चालीस–पचास घरहरू थिए । गाउँभन्दा अलिकति मात्र पर अथाह समुन्द्र परको आकाशै छुनेगरी पिँजिएको थियो । गाउँमा दाइँपछिको चाडको वातावरण थियो र मानिसहरू रमाइलो मेलाको जोरजाम गरिरहेका थिए ।

थुम्कोको सिरानमा रहेको गोरे निङ्माको खेतबारी र घर गाउँबस्तीबाट प्रस्टै देखिन्थ्यो । त्यो डाँडा, टाढाबाट देखिने कान्लाहरू, गऱ्हाहरूमा थुपारिएका कुन्यूहरू, थुम्कोलाई बेँसीसित जोडिरहेको नागबेली बाटो, बाटोछेउमा लगाइएका चौतारीहरू, अनि बाटोका दुवैपट्टि छरिएर रहेका केही घरहरूको दृश्य आँखालाई नै लोभ्याउने खालको थियो ।



गाउँको मूली बूढो गोरे निङ्मा आफ्नो उमेरमा साह्रै परिश्रमी थिए । उनी घर-घर डुल्थे, दुःख पीर बुझ्थे र सकेको मद्दत दिन्थे । खेतीपातीको होस् वा घरव्यवहारको होस्, सन्चोबिसन्चोको कुरामा होस् वा बिहाबारीको कुरामा होस्, कसैलाई केही पर्ने बित्तिकै उनी सघाउन पुगिहाल्थे । उनले गाउँले सबैका मन जितेका थिए र उनी सबैका आदरणीय थकाली थिए । साँच्ची भनूँ भने उनी गाउँका सबैलाई असाध्य माया गर्थे र गाउँलेहरूको खुसी हेरेरै आफू खुसी हुन्थे ।



**त्यो दिन दस वर्षको कान्छो नाती फुर्पा बाहेक निङ्माको घरका सबै जहान बेंसी गाउँमा मेला भर्न गएका थिए । सिंगै गाउँ रमितामा डुबेको थियो ।**

निङ्मा- (मनमा कुरा खेलाउँदै) "समय बितेको थाहै हुँदैन भन्थे, त्यस्तै रहेछ ! त्यसबेला म घर-घर डुल्थैं, सकेको मद्दत गरी हिँड्थैं, त्यस्तै पर्दा एकै दिनमा पाँच पल्टसम्म पनि पुग्थैं ।"

"आज भने म टाढैबाट हेरिरहेछु ! यसपालि समयमै पानी पऱ्यो, रोपाइँ पनि त्यसरी नै भयो, त्यसैले दाइँ पनि राम्रै भयो । गाउँ सिङ्गै खुसी छ, जतातातै रमाइलो छ ।"



**हजुरबा र नाती दुवै खाजा खाइरहेका थिए । त्यही बेला घरका निदाल र दलिनहरू कतै चर्किन लागेका पो हुन् कि जस्तो गरी किरिरिरि आवाज आयो र भुइँ पनि बिस्तारै हल्लिन थाल्यो ।**

निङ्मा- भुइँचालो गएछ कि क्या हो ! सुन त, दलिनहरु किरिरिरि गर्दैछन्, लौ छिटो बाहिर जाऔं, अघि लाग् !

फुर्पा- हो हो, तर यो बिस्तारै हल्लिरहेको छ, हैन र हजुरबा ?

निङ्मा- हो, फेरि गुरुरुरु आवाज पनि सुनियो, हैन त नानी ?

फुर्पा- हो, भित्र कतै भत्किए जस्तो छ नि हजुरबा ?

निङ्मा- यो कस्तो भुईंचालो ! यस्तो त मैले कहिल्यै अनुभव गरेको थिएन ! के हुन लागेको होला ! तल गाउँमा पो केही भयो कि ?

**बूढो निङ्मा आफ्नो नातीलाई अघि लाएर छिटछिटो आँगनमा निस्के । त्यसबेलासम्म पनि एक नासले जमिन हल्लिरहेकै थियो । निङ्माले जमिनभित्रबाट कतै कुनै कुरा भत्किरहेको जस्तो मसिनो गरी आएको गुरुरुरु आवाज पनि सुने ।**



"तल गाउँमा पो केही भयो कि !" यत्ति भन्दै उनी थुम्कोको छेउको कान्लामा उभिएर गाउँतिर हेरे । गाउँमा मानिसहरू रमझममै व्यस्त थिए । भुइँचालोले त्यहाँ कुनै हलचल ल्याएको देखिएन ।


निङ्मा- खै त समुन्द्रको पानी ! त्यो देखिएको चट्टान हैन त, नानी ? गाउँको छेउमा हेर त । के हुन लागेको हो ? लौ, के गर्ने ?

फुर्पा- ओहो, हजुरबा, समुन्द्र त पर पुगिसकेछ, त्यहाँ त अब बालुवा पो देखियो ।

निङ्मा- चुनामी पो आउन लागेको हो की ! के गर्ने लौ ?

फुर्पा- चुनामी भनेको के हो नि, हजुरबा ?

निङ्मा- मेरो हजुरबाले सुनाउनुभएको, चुनामी भनेको समुन्द्रभित्र भुइँचालो गएपछि वा ज्वालामुखी फुटेपछि आउने गर्छ, यो आउँदा कहिले समुन्द्र पछि हट्छ भने कहिले अग्ला अग्ला छालहरु एकै चोटि आउँछन्, त्यसैले सिङ्गै गाउँ ध्वस्त गर्छ, कैयन्को ज्यान लिन्छ, त्यो त साह्रै भयानक हुन्छ रे ! नानी, पानी पछि सरेकै हो त ! अब के हुने होला लौ !



निङ्मा- (बर्बराउँदै) गाउँलाई आइपर्न सक्ने खतराको जनाउ दिनु पर्ने, तिनीहरु मेलामा मस्त छन्, खतरा आउँदै छ, को जाने, कसले भन्ने, आफू जाउँ पुग्नुभन्दा अगावै चुनामी आइसक्ने होला ! के गर्ने, कसो गर्ने ! फुर्पा नानी के भयो मलाई, हेर त म त अलिकति पनि चलहल गर्न सकिनँ !

निङ्मा- (कान्लामाथि उभिएर) नानी, लौ लौ, भित्र गएर दियालो ल्याउ त, अगेनामा आगो होला, बालेर ल्याउ ।

निङ्मा- खोइ खोइ ! नानी !

**निङ्मा फुर्पाले बालेर ल्याएको दियालोले कुन्यूमा आगो लगाउन सुरु गर्छन् ।**

फुर्पा - हजुरबा ! यो के गर्नुभएको ? किन आगो लाउनुभएको ?

निङ्मा- नानी ! गाउँतिर हेर त, गाउँलेहरुले यता फर्केर हेरे त ? देखे - देखेनन् ?

फुर्पा - हजुरबा, हाम्रा त्यत्रो धान खरानी बनाएर के गर्नुभएको ? गाउँकाहरुले देखेर के हुन्छ, नदेखेर के पो हुन्छ ? तपाईंलाई के भयो हजुरबा ?

निङ्मा- जति चाँडो देख्छन् त्यति राम्रो, उनीहरुले देखुन् भनेरै आगो लाएको ।




गाउँलेहरु- (कराउँदै) साथी हो ! मेमे (आदरणीय) गोरे निङमाको घरमा आगलागी भएछ ! उहाँ कै घर हो ! लौ बन्द गर मेला-सेला, सबै छिटै जाऔं, अहिल्यै जाऔं ।

गाउँलेहरु- (दमाहा र नरसिङ्गा बजाउँदै) छिटै हिँडौं ! सबै पुगौं !

युवाहरु- सल्लाह गर्दागर्दै समय नबितोस्, साथीहरु, लौ हिँडौं !

अधबैंसे- नानीहरु हो, तिमीहरु किन ?

नानीहरु- हामी पनि जान्छौ, उहाँ हामीलाई कथा सुनाउनुहुन्छ, हामीलाई माया गर्नुहुन्छ, राम्रो काम गर्नु पर्छ भन्नुहुन्छ । हामी पनि लाग्छौं ।



बुढो मान्छे- नानी हो , तिमीहरु नआओ, तिमीहरुको स्वास्थ्य बिग्रला, घरमा बच्चा छन्, तिनीहरुलाई दूध ख्वाउनु पर्छ, तिमीहरु नआओ !

तरुनीहरु- उहाँ हामीहरुलाई आफ्नै छोरीलाई जस्तै माया गर्नुहुन्छ, उहाँले हामीलाई के मात्र गर्नु भएको छैन । आज उहाँलाई पर्दा हामी घरमा बसिरहने ? हैन हामी पनि लाग्छौँ । आफ्ना नानीहरु बोकेरै लाग्छौँ ।



युवाहरु- (अचम्म मान्दै) हामीले त घर आगलागी भएको देखेका थियौं, यहाँ त निङ्माबा आफैंले कुन्यूमा आगो सार्दै हुनुहुन्छ !

निङ्मा- नानी हो, तिमीहरु आइपुग्यौ, राम्रै भयो, आगो ननिभाओ ! सबैलाई बोलाओ, कोही नछुटोस्, खै केटाकेटीहरु, खै चेलीबेटीहरु, खै बूढाबूढीहरु ?

गाउँलेहरु- तपाईंलाई के भयो ? यसो किन गर्नु भएको ?

निङ्मा- म बताउँछु, सब बताउँछु, सबभन्दा पहिले सबैलाई माथि डाक, कोही नछुटोस् !

अधबैंसे- सबै आइपुगे, अस्तिमात्र बच्चा पाएकी मेरी बुहारी पनि आइपुगी ?


निङ्मा- (कराउँदै) हैन, हैन, नरसिङ्गा फुकेर अझै छुटेका कोही छन् भने बोलाऊ । गनेर हेर, कोही छुटेका छन् कि ?



निङ्मा- (त्यसैबेला निङ्माले समुन्द्रतर्फ देखाउँदै) देख्यौ गाउँको तटको पानी खोई ? ओहो ! समुन्द्र र आकाश जोडिएको ऊः त्यहाँ हेर त । त्यो के देखिएको त्यो ! कति लामो तटजस्तो ! त्यो त अघि सर्दै सर्दै यतै आइरहेकोछ !

गाउँलेहरु- हो हो, त्यो त यतै आइरहेकोछ !

निङ्मा- लौ, समुन्द्रको पानी फर्केर आइरहेको छ ! त्यो त पहाडजत्रै देखिने गरी हाम्रो गाउँतिर आइरहेछ !



गाउँलेहरु- ओ हो, लौन नी हाम्रो गाउँ त सखापै पाऱ्यो । लौ न ! हे दैव ! धन्न बेलैमा निङ्मा-बाले पराले कुन्यूको आगो देखाई माथि सुरक्षित ठाउँमा आउने संकेत दिनु भयो । नत्र मास छर्न गइन्थ्यो होला ।

गाउँलेहरु- निङ्मा बा, आज तपाईंको मायाले, तपाईंको बुद्धिले र तपाईंकै त्यागले गर्दा हामीहरुको ज्यान जोगियो ! नत्र हामीहरु सबै आफ्नो गाउँसितै समुन्द्रको गर्भमा बिलिन हुन्थ्यौं ! हामीहरुको ज्यान जोगियो, हामी जोगियौं !





निङ्मा- हो, मेरो गाउँलेहरुप्रति माया छ, म गाउँलाई माया गर्छु मैले अतिकति बुद्धि पुऱ्याएको पनि हो, अनि मैले केही धानबाली त्याग गरेको पनि हो । तर त्यतिले नै तिमीहरुको ज्यान जोगिएको भने होइन । तिमीहरुको हृदयमा आफुप्रति राम्रो गर्न खोज्नेहरुप्रति कृतज्ञ रहने संस्कार नभएको भए, त्यो गुण नभएको भए, आगलागी भयो भनी सम्झेर सबै आयौ, तिमीहरु सबैको ज्यान जोगियो । त्यसैले मेरो विचारमा तिमीहरुको ज्यान जोगाएको कुरा तिमीहरुको कृतज्ञ रहने गुण नै हो ।

(साह्रै कृतज्ञ रहेर सबै गाउँलेहरुले बूढो निङ्माका अगाडि शिर झुकाएर हात जोडे ।)


# चुनामी भनेको के हो नि ?

**पृथ्वीको सतह बाक्ला पातोहरुले बनेको छ । ती बाक्ला पाताहरुका मुन्तिर साहै तातो तर पग्लेको चट्टान पदार्थ छन् । त्यस पग्लेको पदार्थ चल्न थालेपछि त्यस माथि रहेको बाक्ला भू-पाताहरुलाई हलचल गर्न लाउँछ ।**




चित्र नं. २- टेक्टोनिक प्लेटहरुबीचका सीमानाहरु तथा भूगर्भ भित्रको अन्तर्कृया




चित्र नं. ३- समुन्द्रमा चुनामी कसरी उब्जिन्छ भन्ने जानकारी


एउटा बाक्लो पातो सरेर अर्को पातोलाई छुन पुग्छ वा माथि वा तल घुस्रन खोज्छ । त्यसले निक्कै ठूलो दवाब सिर्जन्छ ।

दवाव चर्को भयो भने पातो झट्का सहित घुस्रन्छ, अनि चट्टान चर्कन्छन् । यही नै भूकम्प (भुइँचालो) हो ।

त्यही झट्काको दवाबबाट समुन्द्रमुनि भूकम्प जाँदा चुनामी आउँछ । समुन्द्र भित्रको भूकम्पपछि नै चुनामी आउन सक्छ । कुनै कुनै बेला चुनामी आउनु भन्दा अघि समुन्द्रको पानी तटबाट समुन्द्रतिर सरेर जाने गर्दैन ।

यसरी समुन्द्रमा निस्किएको चुनामी छाल विशालरुप लिई समुन्द्रको किनारतिर फैलिने गर्छ ।


# यदि भुईंचालो गयो भने तत्कालै उँचो ठाउँतिर पुग्नुहोस् !!!




चित्र नं. ४- चुनामीबाट सुरक्षित रहन उँचो ठाउँतिर लाग्ने उपाय

**सतर्क रहनुहोस् !!! यदि पर समुन्द्रमा भुईंचालो गएको कुरा वा भुईंचालोको धक्का तपाईंले थाहा पाउन सक्नु हुन्न भने पनि चुनामी त आउँछ नि !!!**

**चुनामीको गति हवाइजहाजको गतिभन्दा पनि छिटो हुने गर्छ !!!**



चित्र नं. ५- चुनामीको छाल र हवाइजहाजको वेगको भिन्नता, हवाइजहाज भन्दा चुनामीको छालको वेग बढि हुन्छ ।



सामान्यतः चुनामी आउँदा एकपछि अर्को छालहरु आइरहन्छन् । त्यसबेला तपाई घन्टौसम्म सुरक्षित ठाउँमा बसिरहनु पर्छ । चुनामीको पहिलो छालले सबभन्दा ठूला हानि गर्दैन । त्यसपछिका भनौं दोस्रो वा तेस्रो छाल सबभन्दा अग्ला र डरलागदा हुन सक्छन् ।

NSET

**भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल**

**National Society for Earthquake Technology-NSET (NSET)**


११३३ देवकोटा सडक, महादेवस्थान, बानेश्वर, पो. बक्स नं. १३७७५, काठमाडौं, नेपाल
फोन नं.: (९७७-१) ४४७४१९२, ४४९०३५९, फ्याक्स नं.: (९७७-१) ४४९०९४३
इ-मेल: nset@nset.org.np, वेब साइट: www.nset.org.np